मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
वागमती प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

प.सं ०७८/०७९
च.नं२५०६

मिति :२०७८/१०/१०

श्री नगरभित्र संचालित सम्बन्धित सबै सहकारी संस्थाहरू
मन्थली नगरपालिका , रामेछाप ।

**विषय : सहकारी संस्थाहरू अध्यावधिक, सूचीकृत हुन आउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा मन्थली नगरपालिकामा विगतमा **डिभिजन सहकारी कार्यालय दोलखा** , यस **मन्थली नगरपालिका , बागमती प्रदेशमा वा अन्य स्थानमा दर्ता भई यस नगरपालिकामा सेवाकेन्द्र /मुख्य कार्यालय संचालन** गरि प्रचलित कानून बमोजिम सहकारी गतिविधि गर्दै आएको सबै प्रकारका सहकारी संस्थाहरूलाई यस कार्यालयको च.नं २३५ मिति २०७८/०४/३२ गते प्रेषित पत्रको व्यहोरामा २०७८ असोज मसान्त भित्र आवश्यक कागजात समेतको आधारमा अध्यावधिक , सूचीकृत हुन आउने समयसीमा तोकिएकोमा अधिकांश सहकारी संस्थाहरू सम्पर्कमा नआएकोले **२०७८ पौष मसान्त भित्रमा अन्तिम पटकको लागी एकपटक** आ.व. २०७८/०७९ को लागि अध्यावधिक सुचिकृत हुन सूचना यस कार्यालयबाट मिति २०७८/०९/०९ मा सूचना जारी भएको तथा रामेछाप जिल्ला बचत तथा ऋण सहकारी संघले आर्थिक ऐनमा केहि संशोधनको प्रस्ताव यस नगरपालिका समक्ष राखी सो सम्बन्धमा यस नगरपालिकाको राजश्व परामर्श समिति, नगरकार्यपालिकाको बैठक समेतमा छलफल भई नगर सभावाट यस नगरपालिकाले वार्षिक रूपमा लिने सहकारी संस्थाको अध्यावधिक सुचिकृत दस्तुरमा पुनरावलोकन समेत भएकोले **यो सूचना जारी भएको मितिले दश दिन अर्थात २०७८/१०/२० भित्रमा** हालसम्म अध्यावधिक सूचिकृत नभएका यस नगरभित्रका सबै सहकारी संस्थाहरूलाई अध्यावधिक सुचिकृत हुन आउन यो सूचना प्रकाशित गरिएको छ । सो अवधि पश्चात नियमानुसार मापदण्डमा नआएका सहकारी संस्थाहरूको नाम प्रकाशन गरी प्रचलित ऐन र नियमानुसार गरिने व्यहोरा अनुरोध छ ।

..................
लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री जिल्ला सहकारी संघ , मन्थली रामेछाप । (प्रचलित मापदण्डमा नआउने सहकारी संस्थाहरूलाई नियमन गर्ने कार्यमा नगरपालिकालाई आवश्यक सहयोग गर्नुहुन)

श्री जिल्ला वचत तथा ऋण सहकारी संघ , रामेछाप । ( प्रचलित मापदण्डमा नआउने सहकारी संस्थाहरूलाई नियमन गर्ने कार्यमा नगरपालिकालाई आवश्यक सहयोग गर्नुहुन )

श्री सबै वडा कार्यालयहरु आवश्यक सहजीकरण गर्नुहुन ।